धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६९ ◆ २०८३ असोज ९ शुक्रबार ◆ Friday, September 25, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## खोरेतको खोप गोठगोठमै खोप

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । गाईभैंसीमा खोरेतको सङ्क्रमण बढेसँगै जिल्लाका १५ वटै पालिकाका किसानले पालेका चौपायका गोठमै पुगी खोप लगाउने अभियान सुरु गरिएको छ ।

मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा असोज १ गतेदेखिनै खोप लगाउन सुरु गरियो । सोबाहेकका १३ वटा पालिकामा बिहीबारदेखि खोप लगाइँदैछ । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईले खोप लगाउने अभियानअन्तर्गत जिल्लाका एक लाख ९० हजार गाईभैंसीलाई खोरेतविरुद्धको खोप लगाउने लक्ष्य लिइएको समेत बताउनुभयो । उहाँले कनकाई, कचनकवल, हल्दिबारी र मेचीनगरमा छ हजार ८४८ गाईभैंसीलाई खोप लगाइ सकिएको जानकारी दिनुभयो । खोप अभियानअन्तर्गत फार्म र गोठमै पुगेर खोप लगाउन १५ वटै पालिकामा १२१ जना दक्ष प्राविधिक परिचालन गरिएको छ ।

असोज १५ गतेसम्ममा सबै १५ वटै पालिकाका ८० प्रतिशत गाईभैंसीलाई खोप लगाइसक्ने योजना बनाइएको कुराकानीको क्रममा उहाँले बताउनुभयो । खोप अभियानका लागि कोशी प्रदेश सरकारबाट खोप र त्यसका लागि आवश्यक सामानग्री पालिकाहरू लाई उपलब्ध गराइएको छ । यसअघि झापामा खोरेतविरुद्ध चौथो चरणको खोप अभियान सम्पन्न भइसकेको छ ।

## विशेष संसदीय समितिमा राष्ट्रियसभाको प्रतिनिधित्व हुनुपर्ने माग

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीका सांसद नरबहादुर विष्टले भोटेकोशी बाढी विपद्को व्यवस्थापनका लागि प्रतिनिधि सभाबाट गठन भएको विशेष संसदीय समितिमा राष्ट्रियसभाबाट प्रतिनिधित्व हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा भाग लिँदै उहाँले मुलुकमा जनताले अपेक्षा गरेअनुसार सुशासन कायम नभएको र भ्रष्टाचार नियन्त्रण नभएको टिप्पणी गर्नुभयो । साथै उहाँले प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको महासभामा जानु सकारात्मक भएको र मुलुकका हितमा विषय राख्नुपर्ने सुझाव दिनुभयो ।

सांसद विष्टले भोटेकोशी बाढी जलवायु परिवर्तनका कारण भएको तर्क गर्दै जलवायुका न्यायका लागि प्रधानमन्त्री शाहले महासभामा प्रभावकारी रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भोटेकोशी प्रभावितका लागि प्रभावकारी रूपमा राहत र पुनःस्थापना गर्न माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सोनाम गेल्जेन शेर्पाले नेपालमा जम्मा दुई हजार ७० हिमताल गणना गरिएको र त्यसमध्ये २१ हिमताल खतरामा रहेको बताउनुभयो । साथै उहाँले सन् १९८५ देखि प्रमुख हिमबाढी र हिमताल विष्फोटनका सात ठूला घटना भएको उल्लेख गर्दै भोटेकोशी हिमबाढीले हिमालय क्षेत्रमा देखिने नयाँ खतराको बारेमा बहस गर्नुपर्नेमा जोड दिनुभयो ।

"हिमनदी चट्टानसहित तल्लो तटीय क्षेत्रमा झर्दा अझ खतरा भन्ने नयाँ जोखिम देखिएको छ । यसमा नयाँ तरिकाले सोच्नुपर्छ र अध्ययन गर्नुपर्छ", उहाँले भन्नुभयो । सांसद शेर्पाले नेपालले आगामी दिनमा पर्वतीय विषयलाई अन्तर्राष्ट्रिय रूपमा प्रभावकारी रूपमा उठाउनुपर्ने सुझाव दिनुभयो । जनता समाजवादी पार्टी नेपालका सांसद पूजा चौधरीले त्रिपुरेश्वर चोकमा एकजना व्यक्तिले आत्मदाह गरेको विषयले राज्यप्रतिको विश्वासमा प्रश्न उठाएको उल्लेख गर्दै यो विषय आर्थिक र मानसिक समस्यासँग जोडिएको बताउनुभयो । साथै उहाँले आगामी दिनमा यस्ता घटना हुन नदिनमा सरोकारवाला निकायले प्रणालीगत सुधारका ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

सांसद चौधरीले भोटकोशी बाढी विपद्या खोज र राहतलाई प्रभावकारी बनाउन गठन गरिएको संसदीय समितिमा राष्ट्रियसभालाई नसमेटिएको उल्लेख गर्दै राष्ट्रिय सभाबाट छुट्टै समिति गठन गर्न माग गर्नुभयो ।

नेपाली कांग्रेसका सांसद धर्मेन्द्र पासवानले पनि भोटेकोशी बाढी विपद्या खोज र राहतलाई प्रभावकारी बनाउन गठन भएको संसदीय समितिमा दुवै सदनको सहभागिता हुनुपर्नेमा जोड दिनुभयो । नेपाली कम्युनिष्ट पार्टीका सांसद श्रीकृष्णप्रसाद अधिकारीले राहत र पुनःस्थापना प्रभावकारी बनाउन तथा चाडपर्व अघि नै सडक पूर्वाधार सुचारु हुने गरी काम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रोशनी मेचेले त्रिपुरेश्वर चोकमा केही दिन अघि एकजना व्यक्तिले आत्मदाह गरेको विषयका सम्बन्धमा सत्यतथ्य छानबिन गरी पीडित परिवारलाई क्षतिपूर्ति दिन माग गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद जगतबहादुर पार्कीले वर्तमान सरकारले निर्वाचनका बेला जनतासँग गरेको वाचा कार्यान्वयन गर्न माग गर्नुभयो । साथै उहाँले मुलुकको हितमा काम गर्न कूटनीतिलाई प्रभावकारी रूपमा अघि बढाउन सरकारलाई सुझाव दिनुभयो । बैठक १० मिनेटका लागि स्थगित गरिएको थियो ।

## किशोरीको अधिकार र नेतृत्वलाई सुनिश्चित गरिनुपर्छ- मन्त्री चौधरी

ललितपुर । कृषि वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आदिवासी अपाङ्गता भएका महिला तथा किशोरीको अधिकार, सहभागिता र नेतृत्वलाई सुनिश्चित गर्न उनीहरू का मुद्दालाई नीति निर्माणको तहसम्म प्रभावकारी रूपमा पुऱ्याउन पर्ने आवश्यकता समेत औँल्याउनुभएको छ ।

आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ नेपालको आयोजनामा बिहीबारदेखि ललितपुरमा सुरु भएको एसिया-प्रशान्त आदिवासी अपाङ्गता भएका महिला तथा किशोरीको तीन दिने तेस्रो क्षेत्रीय सम्मेलनको उद्घाटन गर्दै उहाँले अपाङ्गता अधिकार अग्रजको योगदान, सहकार्य, समन्वय र सामूहिक प्रयासले सम्भव भएको बताउनुभयो । मन्त्री चौधरीले भन्नुभयो, "पछिल्लो जनआन्दोलन मा आदिवासी जन-जाति समुदायको समेत महत्वपूर्ण भूमिका छ, विभिन्न आन्दोलन र प्रयासबाट हालसम्म प्राप्त उपलब्धि लाई संस्थागत गर्दै आफ्ना मुद्दालाई अझ प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता छ ।" उहाँले अपाङ्गता अधिकारका लागि विगतमा सडकदेखि सदनसम्म आवाज उठाउने अग्रजको योगदान लाई आगामी पुस्ताले स्मरण गर्नुपर्ने बताउनुभयो । अपाङ्गता तथा आदिवासी दृष्टिकोणलाई केन्द्रमा राखेर समावेशी जलवायु न्याय र विपद् व्यवस्थापनका कार्यक्रम अघि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

क्षेत्रीयस्तरमा उनीहरूको आन्दोलनलाई थप सशक्त बनाउने विषयमा छलफल हुने सङ्का अध्यक्ष डा प्रतिमा गुरुङले जानकारी दिनुभयो । एसिया-प्रशान्त क्षेत्रका विभिन्न देशका अनुभव आदानप्रदान गर्दै साझा सिकाइ, साझा धारणा र आगामी कार्यदिशा निर्माण गर्ने सम्मेलनका उद्देश्य रहेको उहाँले बताउनुभयो ।

## पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्ड रातिमा आवागमनमा रोक

धादिङ । पृथ्वी राजमार्गको चितवन र धादिङ क्षेत्रमा आज राति सवारी आवागमनमा रोक लगाइएको छ । नारायणगढ-मुग्लिन सडकखण्डमा समेत रातिमा सवारी आवागमनमा रोक लगाइएको हो ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बिहीबार साँझ ८:०० बजेदेखि नै भोलिपल्ट बिहान ५:०० बजेसम्म चितवनको पृथ्वीराजमार्ग क्षेत्र र नारायणगढ-मुग्लिन सडकखण्डमा सवारी रोकिएको बताउनुभयो ।

निरन्तर वर्षात भइरहेको र पहिरोको जोखिम उच्च रहेकाले सवारीसाधन रोक लगाइएको उहाँले बताउनुभयो । बिहानको अवस्था हेरेर थप सूचना गरिने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "बिहान ५:०० बजे सवारी सञ्चालन गरिने भए पनि रातिमा पहिरो र निरन्तर बर्सात भयो भने अर्को सूचना जारी गर्ने छौं ।"

यस्तै धादिङका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)द्वारा बिहीबार जारी सूचनामा यात्रु र सवारी चालकहरूलाई मौसम तथा सडकको अवस्था बुझेर मात्र यात्रा गर्न, जोखिमयुक्त स्थानमा नजान र सम्बन्धित निकायबाट जारी हुने सुरक्षा निर्देशनको पूर्णपालना गर्न आग्रह गरिएको छ ।

## पाल्पाका ग्रामीण सडक अवरुद्ध

पाल्पा । बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण पहिरो खस्दा पाल्पाका राजमार्ग तथा अन्य ग्रामीण सडक अवरुद्ध भएका छन् ।

पहिरोका कारण सिद्धार्थ राजमार्गअन्तर्गत तानसेन-बुटवल सडकखण्डको सिद्धबाबा क्षेत्र तथा माथागढी गाउँपालिका-१, चिदीपानी स्थित आर्यभञ्ज्याङ-रामपुर सडकखण्डमा यातायात प्रभावित भएको छ । सिद्धार्थ राजमार्ग को सिद्धबाबा क्षेत्रस्थित ड्याम साइडमा माथिबाट निरन्तर पहिरो झरिरहेको छ । पहिरो पन्छाउने काम भइरहे पनि माथिबाट निरन्तर पहिरो झर्दा सडक खुलाउन समस्या भइरहेको प्रहरीचौकी दोभानले जनाएको छ ।

यस्तै, माथागढी गाउँपालिका-१, चिदीपानीस्थित आयुर्वेद औषधालय नजिक गुडिरहेको ट्रकमाथि पहिरो खसेको छ । पहिरोले ट्रकमा सामान्य क्षति पुगेको छ । अवरुद्ध सडक तत्काल सञ्चालनमा ल्याउन पहिरो पन्छाउने काम भइरहेको वडाध्यक्ष राजकुमार पन्थीले बताउनुभयो । उहाँका अनुसार सडक खुलाउन दुईवटा डोजर परिचालन गरिएको छ । लगातारको वर्षाका कारण पाल्पाका केही स्थानमा विद्युत् सेवा समेत अवरुद्ध भएको छ । तिनाउलगायत जिल्लाका नदी तथा खोलामा पानीको बहाव बढेको छ । थप भारी वर्षाको सम्भावना रहेकाले जिल्ला प्रशासन कार्यालय पाल्पाले सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ ।

जिल्लाका केही ग्रामीण सडक बन्द हुँदा सदरमुकाम आउने-जाने सवारीसाधन सञ्चालनमा समस्या भएको छ । यसका कारण गाउँबाट सदरमुकामतर्फ दूध, तरकारी लगायत दैनिक उपभोग्य सामग्री ढुवानीमा समेत समस्या देखिएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले सडकको अवस्था बुझेर यात्रा गर्न यात्रु तथा सवारी चालकलाई आग्रह गर्नुभएको छ ।

लगातारको वर्षाका कारण जलसतह बढ्नुका साथै विभिन्न स्थानमा पहिरो खस्न सक्ने जोखिम रहेकाले सम्भावित जनधनको क्षति रोक्न जिल्लाका विभिन्न प्रहरी चौकीमा कार्यरत प्रहरीलाई परिचालन गरिएको छ ।

## केयूका संस्थापक उपकुलपति शर्माको राजकीय सम्मानका साथ अन्त्येष्टि

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । काठमाडौं विश्वविद्यालय (केयू)का संस्थापक उपकुलपति तथा शिक्षाविद् प्रा डा सुरेशराज शर्माको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

बिहीबार पशुपति आर्यघाटमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले स्व शर्माको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभयो । अन्तिम बिदाइका क्रममा नेपाल प्रहरीको एक टुकडीले सलामी अर्पण गरेको थियो ।

शिक्षा तथा खेलकुद मन्त्रालयको अनुरोधमा गृह मन्त्रालयले निर्णय गरेपछि शर्माको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको मन्त्रालयले जनाएको छ । शिक्षामन्त्री पोखरेलसहित मन्त्रालय का प्रमुख सल्लाहकार शैलेन्द्र झालगायत पदाधिकारी आर्यघाट पुगेर शर्माप्रति अन्तिम श्रद्धाञ्जली अर्पण समेत गर्नुभएको थियो । यसअघि शिक्षा मन्त्रालयमा शोक पुस्तिका राखिएको थियो । शिक्षामन्त्री पोखरेल, मन्त्रालयका सचिव चूडामणि पौडेल, प्रमुख सल्लाहकार झालगायत मन्त्रालय तथा काठमाडौं विश्वविद्यालयका पदाधिकारीले शोक पुस्तिकामा हस्ताक्षर गर्दै शर्माप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

मन्त्री पोखरेलले शर्माको निधनले शिक्षा क्षेत्रमा अपूरणीय क्षति पुगेको बताउँदै शोकसन्तप्त परिवार, आफन्त, सहकर्मी तथा काठमाडौं विश्वविद्यालय परिवारप्रति मन्त्रालयका तर्फबाट समवेदना व्यक्त गर्नुभयो । मन्त्री पोखरेलले काठमाडौं विश्वविद्यालयलाई पूर्ण स्वायत्त संस्थाका रूपमा विकास गर्ने शर्माको सपना पूरा गर्न सरकार अघि बढिरहेको बताउनुभयो । शोक पुस्तिकामा हस्ताक्षर गर्दै उहाँले भन्नुभयो, "स्व शर्माको सपना पूरा गर्ने गरी चाँडै संसद्मा विधेयक लैजान्छौं । काठमाडौं विश्व विद्यालयलाई बोर्ड अफ ट्रस्टी मोडलमा लैजान ऐन संशोधनको मस्यौदा तयार भइसकेको छ ।"

नेपालको उच्च तथा प्राविधिक शिक्षा विकासका अग्रणी व्यक्तित्वका रूपमा परिचित शर्माको बुधबार निधन भएको थियो । सो अवसरमा कुराकानी गर्नुहुँदै उहाँले दुई दशकभन्दा लामो समय काठमाडौं विश्वविद्यालयको नेतृत्व गर्दै विश्वविद्यालयलाई स्वायत्त, गुणस्तरीय र अन्तरराष्ट्रिय पहिचानयुक्त शैक्षिक संस्थाका रूपमा विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । बेलायतबाट रसायनशास्त्र मा पिएचडी गर्नुभएका शर्मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटी)का संस्थापक निर्देशकसमेत हुनुहुन्थ्यो । उहाँले जुम्ला, दोलखाको जिरी र धनकुटामा पुगेर प्राविधिक शिक्षा सुरु गर्नुभएको थियो ।

शर्माले बूढानीलकण्ठ स्कुलको अध्यक्षका रूपमा समेत काम गर्नुभएको थियो । उच्च तथा प्राविधिक शिक्षाको विकासमा उहाँले पुर्याउनु भएको योगदानका कारण उहाँलाई नेपालको शिक्षा क्षेत्रका महत्वपूर्ण व्यक्तित्वका रूपमा स्मरण गरिएको छ ।

# कृषि पर्यटनबाट समृद्धिको अभियानमा लमजुङको पुमा गाउँ

*बासुदेव पौडेल*

कृषिप्रतिको अनिच्छासँगै गाउँ तथा बस्तीहरू उजाडिँदै गएका अवस्थामा लमजुङ जिल्लाको बेँसीसहर नगरपालिका-६ स्थित पुमा गाउँ कृषि पर्यटनबाट समृद्धि खोज्नेतर्फ अग्रसर देखिन्छ । स्थानीयवासीको सङ्गठित प्रयाससँगै यहाँका ५४ घरधुरी पुमा एग्रो प्रालिमा आबद्ध हुँदै बाँझो तथा प्रयोगविहीन जमिन एवम् स्थानीय जनशक्तिको अधिकतम उपयोग गर्दै कृषि पर्यटनलाई एकीकृत रुपमा विकास गर्ने अभियानमा जुटेका हुन्। समुन्द्री सतहदेखि करिब एक हजार ६०० मिटरको उचाइमा रही अन्नपूर्ण र मनास्लुलगायत हिमशृङ्खलाहरूको सुन्दर दृश्या अवलोकन गर्न सकिने यो गाउँमा कृषि पर्यटनका माध्यमबाट स्थानीयवासीको आयआर्जन अभिवृद्धि गराउँदै अधिकतम पर्यटकहरू आकर्षित गर्ने लक्ष्य राखिएको पुमा एग्रो प्रालिका अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो ।

पुमा गाउँमा यसअघि नै सामुदायिक घरबास 'होमस्टे'को पूर्वाधार विकास भइसकेको बताउँदै उहाँले भौगोलिक एवम् प्राकृतिक रुपमा कृषि, पशुपालन तथा पर्यटनका लागि सम्भावनायुक्त क्षेत्र भए पनि पर्याप्त लगानी, आधुनिक कृषि प्रविधि, पूर्वाधार, बजार व्यवस्थापन तथा जनशक्ति अभावका कारण यो क्षेत्रपछि परेको उहाँले बताउनुभयो ।

"गाउँमा रहेको ठूलो भूभाग खेतीयोग्य भए पनि पूर्ण रुपमा उपयोग गर्न नसकिएको वास्तविकतामा यसलाई कृषि पर्यटनका माध्यमबाट उपयोग गर्न खोजिएको हो," उहाँले भन्नुभयो ।

उहाँका अनुसार पुमा एग्रो प्रालिमार्फत यहाँको करिब एक हजार ४०० रोपनी जग्गा (भूमिदान, खरिद र भाडामा लिएर) लाई चरणबद्ध रुपमा उपयोग गर्ने योजना अघि सारिएको छ । सदरमुकाम बेँसीसहरबाट जम्मा १० किलोमिटरको दूरीमा पुमा गाउँ रहेको छ । जग्गालाई चरणबद्ध रुपमा उपयोग गर्दै कफी, आरुबखडा, टिमुर, तरकारी तथा अन्य स्थानीय उत्पादनको व्यावसायिक खेती विस्तार गर्ने लक्ष्य राखिएको छ । त्यस्तै, मौरीपालन, स्थानीय प्रजातिका कुखुरा, बाखा तथा भैँसीपालन र स्थानीय उत्पादनमा आधारित भान्साघर सञ्चालन गरी उत्पादनदेखि बजारसम्मको मूल्य शृङ्खला निर्माण गर्ने योजना राखिएको छ । भूमि उपयोग योजनाअन्तर्गत कफी र आरुबखडा बिरुवा एक हजार रोपनीमा लगाइने बताउँदै उहाँले टिमुर र मौरीपालन २०० रोपनीमा गर्न लागिएको बताउनुभयो ।

त्यस्तै, कुखुरा र पशुपालन एक सय रोपनीमा, भान्सा घर र तरकारी एक सय रोपनीमा विस्तार गरिने गुरुङले जानकारी दिनुभयो । यस वर्षदेखि सुरु गर्न लागिएको परियोजना अन्तर्गत उत्पादनका लागि पाँचवर्षे योजना अघि सारिएको छ । संस्थाले कफी खेतीका लागि पहिलोदेखि पाँचौँ वर्षसम्म क्रमशः १० हजार, २० हजार, २० हजार र ३० हजार गरी ५० हजार कफीका बोट लगाउने लक्ष्य राखेको छ। आरुबखडा पाँच वर्षमा हरेक वर्ष दुई/दुई हजार गरी १० हजारको सङ्ख्यामा लगाउने योजना राखेको छ भने टिमुर हरेक वर्ष चार/चार सय बोटका दरले दुई हजार लगाउने योजना छ ।

त्यस्तै, पाँच वर्षमा सुरुको वर्ष ५० वटा मौरीघार वितरण गरिने र त्यसपछि तीन वर्ष १००/१०० घार तथा पछिल्लो वर्ष १५० वटा मौरी घार वितरण गर्ने योजना छ । स्थानीय जातका कुखुरापालनका लागि पहिलो दुई वर्ष दुई हजार ४००, तेस्रो वर्ष तीन हजार र पछिल्ला दुई वर्ष तीन हजार ६०० सङ्ख्यामा पालिने उल्लेख गरिएको छ ।

त्यस्तै, दुहुनो भैँसी दोस्रो वर्षदेखि दुई/दुई वटा र पछिल्ला दुई वर्ष तीन/तीन वटा तथा दुहुनो बाख्रा दोस्रो र तेस्रो वर्ष ३०/३० वटा चौथो र पाँचौं वर्ष ५०/५० वटा थप्ने योजना छ । परियोजना अन्तर्गत सबै कामका लागि रु चार करोड २४ लाख लागत अनुमान गरिएको अध्यक्ष गुरुङले बताउनु भयो ।

प्रालिका सञ्चालक सदस्य एवम् कार्यपालिका सदस्य सुकमाया गुरुङका अनुसार परियोजनाअन्तर्गत कृषि पर्यटनका माध्यमबाट युवा तथा महिलालाई उद्यमी बन्न प्रेरित गर्ने, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने, कृषि उत्पादन वृद्धि, स्थानीय अर्थतन्त्रको विकास गर्ने लक्ष्य राखिएको छ ।

बाँझो जमिनको सदुपयोग, गाउँबाट हुने बसाइँसराइ न्यूनीकरण गर्दै सहर झरेका स्थानीयलाई गाउँमा बसाइँ फर्काउने अभियानका साथ यो पहल गरिएको उहाँले जानकारी दिनुभयो ।

गाउँमा २०७५ सालदेखि घरबास कार्यक्रम पनि सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले परियोजनाको सुरुआतीमा भान्छाघर निर्माण गरी त्यसलाई सञ्चालन गरिने बताउनुभयो । संस्थाले आगामी पाँच वर्षमा २७ जनालाई स्थायी र धैरैलाई अस्थायी रोजगारी प्रदान गर्ने तथा स्थानीय युवा र महिला किसानका साथै समुदायलाई समेत उद्यमसँग जोड्ने लक्ष्य लिएको छ । यस परियोजना लाई दीर्घकालीन रुपमा कृषि, पशुपालन, मौरीपालन, कृषि प्रशोधन, भान्सा घर तथा होमस्टे सञ्चालन र पर्यटनलाई एकै ठाउँमा जोडिएको नमूना एकीकृत कृषि उद्यमका रुपमा विकास गर्ने परिकल्पना रहेको उहाँको भनाइ छ ।

अध्यक्ष गुरुङका अनुसार यस गाउँमा स्थानीयले विगत चार वर्षयता आरुबखडाको वाइन, जुस, जाम आदि बनाउने प्रयास थालिसकेका छन् ।

उक्त परियोजना अन्तर्गत आरुबखडाको खेती विस्तार गर्दै यसबाट बन्ने वाइन, जुस, जामलगायत परिकारहरू बनाइने उहाँले बताउनुभयो ।

आरुबखडासहित यसबाट बन्ने परिकारका साथै स्थानीय उत्पादनलाई 'ब्रान्डिङ' गरी बजारमा प्रतिस्पर्धी र उच्च मूल्य प्राप्त गर्ने कृषि उद्यम निर्माण गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । गाउँमा आउने पर्यटकलाई स्थानीय उत्पादनकै परिकार खुवाउनाका साथै यहाँबाट जाँदा लैजाने कोसेली पनि गाउँमा नै तयार गर्ने लक्ष्य राखिएको छ । गाउँमा उत्पादित आरुबखडा, कफी, टिमुर, तरकारी, मह, दूध, मासु तथा स्थानीय कुखुराको बजारीकरणलाई पनि व्यवस्थित बनाउने गरी सोच अघि बढाइएको उहाँले बताउनुभयो ।

कृषि पर्यटनका माध्यमबाट स्थानीय उत्पादन वृद्धि हुनाका साथै रोजगारी सृजना, स्थानीय आय वृद्धि, बाँझो जमिनको प्रयोग र गाउँको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय कृषक तथा समुदायलाई आधुनिक कृषि प्रविधि, सीप र उद्यमशीलतासँग जोड्नाका साथै कृषि, पशुपालन, मौरीपालन र ग्रामीण पर्यटनलाई जोडेर कृषि पर्यटनको नमूना गन्तव्य विकास गर्ने लक्ष्य लिइएको छ। परियोजना सम्पन्न भएपछि प्रालिमार्फत हुने नाफाको २० प्रतिशत रकमको कल्याणकारी कोष स्थापना गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो। यो कोष एकल महिला/पुरुष, गरिब तथा जेहेन्दार प्रतिशत मुनाफा गाउँमा बस्ने प्रत्येक घरधुरीलाई दामासाहीले पुमा गाउँ टोल सुधार समितिको सिफारिसमा वितरण गरिनेछ ।

परियोजना आर्थिक रुपमा सम्भावनायुक्त, सामाजिक रुपमा उपयोगी, वातावरणीय रुपमा दिगो र स्थानीय विकासका दृष्टिले महत्वपूर्ण रहेको हुँदा सम्बन्धित सरकारी निकायहरूबाट आवश्यक साथ र सहयोग प्राप्त हुने विश्वास लिइएको उहाँले बताउनुभयो। पुमा गाउँ टोल सुधार समितिका अध्यक्ष गणेशकुमार गुरुङका अनुसार पुमा गाउँ कृषि पर्यटनसँगै धार्मिक पर्यटनमा पनि उत्तिकै सम्भावना बोकेको गाउँ हो ।

गाउँको सिरानमा रहेको कन्यादेवी मन्दिर यहाँको प्राचीन धार्मिक महत्वको तीर्थस्थलका रुपमा रहेको उहाँले बताउनुभयो । कृषि पर्यटनको विकाससँगै यस मन्दिरको धार्मिक महत्वलाई समेत जोड्दै धार्मिक पर्यटनको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने बताउँदै उहाँले मन्दिरमा पूजापाठ गर्नाले मनोकामना पूरा हुने विश्वास रहेको जानकारी दिनुभयो । उक्त विश्वास व्यवहारमा नै परिणत भएको प्रत्यक्ष देखे भोगेको उहाँको अनुभव छ ।

यहाँ घरबासमा आउने पर्यटकलाई स्थानीयले गाउँमा नै उत्पादन भएका परिकार खुवाउने गरेका छन् ।

कोदोको ढिँडो, रोटी, लोकल कुखुराको मासु, स्थानीय मदिरा, रातो भट्ट, मकै, फर्सी, बन्दा, काउली, ब्रोकाउली, आलुलगायत कृषिजन्य उत्पादन गाउँमा नै फलाउने गरेका स्थानीयले मौसमअनुसार यहीँ वरपर पाइने कुरिलो, निउरो, सिस्नोलगायत परिकार पनि खुवाउने गरेका छन् ।

गाउँको माथि रहेको बाघ बाँध्ने ढुङ्गा यहाँको अर्को आकर्षण भएको उहाँले बताउनुभयो । प्राचीनकालदेखि नै जमिनमा गाडिएको यो ढुङ्गा जमिनमाथि नै १० फुट अग्लो रहेको छ । यस ठाउँबाट लमजुङ हिमाल, अन्नपूर्ण, मनास्लुलगायतमा हिमशृङ्खलाहरू नाङ्गो आँखाले देख्न सकिन्छ । नगरपालिकाको रु चार लाख सहयोगमा गाउँबाट बाघ बाँध्ने ढुङ्गासम्म बाटो लगिएको छ। कृषि पर्यटनसँगै यहाँको प्रकृति, संस्कृति र धार्मिक सम्पदालाई पर्यटकीय रुपमा उपयोग गर्ने आफूहरूको दीर्घकालीन सोच रहेको उहाँको भनाइ छ ।

## सम्पादकीय ....

### वर्षाबाट जोगिन सचेत बनौं

नेपालमा हिजो बेलुकैदेखी विभिन्न स्थानहरुमा ठूलादेखी साना वा हल्कासम्मका वर्षाको सम्भावना भएको भन्दै सरकारले आम सर्वसाधारण नागरिरकलाई समेत सचेत हुन र अत्यावश्यक काम बाहेक यात्रा नगर्न नगराउन आग्रह गरेको छ ।

मौषमविद्हरुको पूर्वानुमानसंगै बिहीबारदेखी नै निरन्तर रुपमा वर्षा भई नै रहेको छ र हाल वर्षाकै कारण नागरिकहरुके सास्ती खेप्दै आईरहेका छन् ।

यस अघिका वर्षाका समयमा पनि हिमालदेखी तराईसम्ममा डुवान र बाढी तथा पहाडमा पहिरोका कारण अर्बौंको धनमाल र सैयौंको ज्यान जाने गरेको छ। यो विभिषिका घट्नुको साटो हरेक वर्ष अझ विकराल हुँदै गइरहेको छ ।

अझ भदौ १० को भोटेकोशि वाढीका कारण त आम नागरिकहरु त्रसित नै छन् । हरेक वर्षा सहकालका रुपमा आउनुपर्नेमा महाकालका रुपमा आउने परस्थिति मानवजन्य क्रियाकलापबाटै सिर्जना भइरहेको छ। केही नीतिगत कारणले, केही लापरवाहीले, केही नियतजन्य कारणले, केही नक्कल गर्ने प्रवृत्तिका कारणले त केही अज्ञानतावश अनि केही इतिहासबाट शिक्षा नलिएका कारण यो अवस्था सिर्जना भएको हो ।

पहाड र तराई दुवैतिर अवैज्ञानिक वस्ती विकास र शहरीकरणको उन्मत्तता थामिने कुनै लक्षण देखिएको छैन । पहाडमा नदी छेऊमा भैरहेको वस्ती विकास र तराईमा वर्षाको पानीको प्राकृतिक प्रवाहलाई प्रभावित गर्ने गरी भएको शहरीकरणका कारण बाढी पहिरो र तट कटानमा यो भयावह सिर्जना भएको हो ।

तराईमा कथित विकासका नाममा पूर्व-पश्चिम दिशामा ग्रामीण सडकहरुको सञ्जाल नै निर्माण भएको छ । विना अध्ययन पानीको निकासको पर्याप्त व्यवस्था नगरिएको नहुँदा वर्षाको पानी स्वभाविक निकासको अभावमा अनियन्त्रित हुने र धारको रुप धारण गरी प्रकोप निम्त्याउने गर्दछ । यो विषयमा जनता निरीह र सरकार रमिते भएर बसेको छ ।

नदीको तटवर्ती क्षेत्रमा सञ्चालित ईटाभट्टाले माटो उत्खनन गर्दा एकातिर नदी सतहभन्दा बस्तीहरु होचो हुन गइरहेका छन् भने अर्कोतिर वर्षातको प्राकृतिक प्रवाहमा अवरोध आउन थालेको छ। र तटवर्ती वस्ती जोखिममा पर्न थालेका छन् ।

नदी स्रोतको अवैज्ञानिक उत्खनले गर्दा नदीको आधार कतै होचो र कतै अग्लो हुने, नदीको प्रवाह गतिमा वृद्धि हुने र अनियमित प्रवाह उत्पन्न हुन गई नदीको पानीले कतिबेला कुन तटमा विध्वंश मच्चाउने हो सोको अनुमान गर्न कठिन हुन गएको छ । तराईमा वर्तमानको तट कटानको प्रमुख कारणमध्ये यो पनि एउटा हो ।

बाढीको प्रवाह नियन्त्रण गर्न ठूला-ठूला वाँध र कृत्रिम तालहरुको सिर्जना गर्नुपर्दछ, ता कि वर्षातको अधीक जल सञ्चय गरी सुख्खायाममा तल्लो तटमा प्रवाह गर्न सकियोस् । तर, यो रणनीतिमा राष्ट्रिय र क्षेत्रीय अवधारणा नै बन्न सकेको छैन । परिणामतः नेपाल, भारत र बंगलादेश वर्षामा बाढीबाट र हिउँदमा सुख्खाबाट पीडित हुन परिरहेको छ यसर्थ यस्तो वर्षाको समयमा सबैले आ आफ्नो ठाउँबाट सचेत बन्न जरुरी छ। सबैको ध्यान त्यतातिर जाओस् ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com



**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं ।**

नेपाल सरकार,



**विज्ञापन बोर्ड**

# कुलेखानी क्षेत्रमा तीन ठाउँमा साइरन

बागमती । जल तथा मौसम विभागले केही दिन भारी वर्षा सम्मको प्रक्षेपण गरिरहेका अवस्थामा मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी जलविद्युत् आयोजना सहित बाढीका कारण प्रभाव पार्न सक्ने सम्भाव्य स्थानलाई लक्षित गरी सतर्कता बढाइएको छ ।

बाढीका कारण सम्भाव्य जोखिमी न्यूनीकरणका लागि मकवानपुर प्रशासनले कुलेखानी क्षेत्रमा आवश्यक सतर्कताका लागि तीन स्थानमा साइरन जडान गरेको हो ।

कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख प्रल्हाद राउतका अनुसार त्यस क्षेत्रमा जलाशयको बाँध, सिस्नेरी प्रहरीचौकी र गाउँपालिकाको कार्यालयमा साइरन जडान गरिएको छ ।

निरन्तरको बर्षाकाकारण जलसतह बढन सक्ने अवस्थालाई दृष्टिगत गरी साइरनका माध्यमबाट सर्वसाधारणलाई सुसूचित गराउन ती ठाउँमा साइरनको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

यद्यपि इन्द्र सरोवरमा हाल जलसतह सामान्य अवस्थामा रहेको जानकारी दिँदै उहाँले बिहीबारै एक हजार ५२२.२५ मिटरमा जलसतह रहेको बताउनुभयो । कार्यालयका तर्फबाट जलसतह एक हजार ५२७ मिटर भएका अवस्थामा पहिलो चेतावनीयुक्त साइरन बजाइने उहाँले जानकारी दिनुभयो ।

जलसतह एक हजार ५२८ पुगेका अवस्थामा दोस्रो चेतावनी सहित केही लामो साइरन बज्ने जानकारी दिँदै उहाँले त्यसभन्दा माथि जल सतह भएका अवस्थामा निरन्तर लामो समयसम्म साइरन बजाइने जानकारी दिनुभयो । साइरनको सङ्केतअनुसार सर्व-साधारणले आवश्यक सुरक्षा सतर्कता अपनाउनु पर्ने उहाँले बताउनुभयो । सम्भाव्य बाढीको जोखिम लाई दृष्टिगत गरी बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी नेतृत्वको टोलीले जलाशय क्षेत्रको स्थलगत रुपमा अवलोकन गर्दै सरोकार वालासँग छलफलसमेत गरेको थियो । भारी वर्षाको प्रक्षेपण भएका अवस्थामा सबैले आ-आफ्नो स्थानबाट सुरक्षा सतर्कता अपनाउन प्रशासनले सबैमा आग्रह गरेको छ । मकवानपुरको हेटौँडा र आसपासमा बिहानदेखि निरन्तर पानी परिरहेको छ ।

# कोशीका सबै पूर्वाधार विकास कार्यालयलाई उच्च सतर्कतामा रहन निर्देशन

विराटनगर । मौसम पूर्वानुमान महाशाखाले भारी वर्षाको सम्भावना औँल्याएसँगै कोशी प्रदेश सरकारले सम्भावित विपद् पूर्वतयारीलाई तीव्र बनाएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेशका १४ वटै जिल्लास्थित आफ्ना मातहतका कार्यालय, कर्मचारी, उपकरण तथा जनशक्तिलाई उच्च सतर्कतामा रहन कडा निर्देशन दिएको छ ।

बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीको प्रभावका कारण हावाहुरी र भारी वर्षाको सम्भावना रहेकाले सडक तथा पूर्वाधारमा पुग्न सक्ने सम्भावित क्षति न्यूनीकरण र तत्काल मर्मतका लागि संयन्त्र तम्तयार राखिएको प्रदेश भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले जानकारी दिनुभयो ।

वर्षाका कारण उत्पन्न हुनसक्ने प्राकृतिक विपत्ति र त्यस बखत तत्काल गर्नुपर्ने उद्धार तथा राहतका कामका लागि स्थानीय तह र अन्य सरोकारवाला निकायसँग प्रभावकारी समन्वय गर्न निर्देशन दिइएको मन्त्री आचार्यले जानकारी दिनुभयो ।

यसैबीच, मन्त्री आचार्यले जोखिमयुक्त सडक, पुल तथा पूर्वाधारको नियमित निगरानी बढाउन, उपलब्ध जनशक्ति, मेसिन तथा उपकरणलाई तयारी अवस्थामा राख्न र कुनै पनि विपद् आइपरे तत्काल परिचालन भई मन्त्रालयलाई जानकारी गराउन मातहतका निकायलाई निर्देशन दिनुभएको छ । उहाँले विपद्को सम्भावित जोखिमलाई मध्यनजर गर्दै कोशी प्रदेशवासी आम जनसमुदायलाई उच्च सतर्कता अपनाउन अपिल गर्नुभएको छ ।

# प्रस्तावित राजदूतको सुनुवाइ प्रक्रिया सुरु, दशैँअघि टुङ्ग्याइन

काठमाडौँ । सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिले नेपाल सरकारबाट विभिन्न १३ देशका लागि सिफारिस भएका प्रस्तावित राजदूतहरूको दशैँअघि नै सुनुवाइ टुङ्ग्याउने गरी प्रक्रिया अघि बढाएको छ ।

समितिको बिहीबार बसेको बैठकले प्रस्तावित राजदूतहरूको सुनुवाइको प्रक्रिया सुरु गर्दै १० दिनको समय दिई उजुरी आह्वान गर्ने निर्णय गरेको हो ।

समितिका सभापति बोधनारायण श्रेष्ठले प्रस्तावित राजदूतहरूको बायोडाटा अध्ययन, उहाँहहरूले पेस गर्ने कार्ययोजना र प्राप्त उजुरीलाई मुख्य आधार बनाई सुनुवाइ अघि बढाइने बताउनुभयो ।

उहाँका अनुसार प्रस्तावित राजदूतहरूको बायोडाटा समितिमा प्राप्त भइसकेकाले त्यसको अध्ययन तत्काल अघि बढाउन सकिनेछ । त्यस्तै, उहाँहरूले पेस गर्ने नतिजामा आधारित कार्ययोजनाको अध्ययन पनि उजुरीको समयावधिसँगै अघि बढाउन सकिने सभापति श्रेष्ठले बताउनुभयो । उहाँले उजुरीबाहेक समितिले गर्नुपर्ने तयारीका कामलाई अघि बढाउँदै सुनुवाइ प्रक्रिया सकेसम्म छिटो टुङ्ग्याउने तयारी रहेको बताउनुभयो । यही असोज २ गते बसेको मन्त्रिपरिषद्को बैठकले भारत, चीन र संयुक्त राज्य अमेरिकासहित १३ देशमा राजदूत सिफारिस गरेको थियो ।

सरकारले विभिन्न १३ देशका लागि सिफारिस भएका प्रस्तावित राजदूतहरूको दशैँअघि नै सुनुवाइ टुङ्ग्याउने गरी प्रक्रिया अघि बढाएको छ ।

# एसियाली खेलकुद प्रतियोगिताः कबड्डीमा नेपालको जित



काठमाडौँ । जापानमा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिता अन्तर्गत महिला कबड्डी खेलमा नेपालले श्रीलङ्कालाई हराउँदै प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ ।

जापानको तोकाइ सिटिजन व्यायामशालामा बिहीबार भएको समूह चरणको अन्तिम खेलमा नेपालले श्रीलङ्कामाथि ३४-२५ को जित निकाल्दै प्रतियोगिताको सेमि फाइनलमा प्रवेश गरेको हो । यस जितसँगै नेपाली महिला टोलीले कबड्डीमा पदक जित्ने निश्चित भएको छ । यसअघि चिनको हाङजाउमा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा पनि नेपाली महिला टोलीले कास्य पदक जितेको थियो ।

बिहीबार खेलको पहिलो हाफमा १९-१३ को जित निकालेको नेपाल दोस्रो हाफमा १५-१२ ले अघि रहँदै समग्रमा मलेसियामाथि ३४-२५ ले जित निकाल्न सफल भयो । समूह 'बी' मा रहेको नेपालले यसअघि थाइल्यान्डलाई हराएको थियो भने नेपाल चाइनिज ताइपेइसँग पराजित भएको थियो । समूह 'बी' बाट नेपालसँगै चाइनिज ताइपेइ पनि सेमिफाइनल प्रवेश गरेको छ ।

त्यसैगरी, बिहीबा (हिजै) भएको पुरुष कबड्डी खेलमा पनि नेपालले मलेसियामाथि जित हासिल गरेको थियो । यो समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले मलेसियामाथि ७३-५२ को जित हासिल गरेको हो ।

नेपालले खेलको पहिलो हाफमै ३७-२१ को स्कोर बनाएको थियो । त्यस्तै खेलको दोस्रो हाफमा नेपालले मलेसियामाथि ३६-३१ अगाडि रहँदै समग्रमा २१ अङ्कले जित हासिल गर्यो ।

यो नेपाली पुरुष टोलीको सान्त्वना जित हो ।

यसअघि नेपाल लगातार तीन खेलमा पराजित भएसँगै नेपाली पुरुष टोली प्रतियोगिताबाट बाहिरिएको छ ।

# गुल्मीमा रेबिजविरुद्ध निःशुल्क खोप अभियान

गुल्मी । पछिल्लो तीन वर्षमा रेबिजका कारण तीन जनाको मृत्यु भएपछि यहाँ रेबिज रोगको जोखिम न्यूनीकरणका लागि निःशुल्क खोप तथा सचेतना अभियान सञ्चालन गरिएको छ ।

रेबिजका कारण काली-गण्डकी गाउँपालिकामा दुई जना र गुल्मीदरबार गाउँपालिकामा एक जनाको मृत्यु भएपछि भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले जिल्लामा सप्ताहव्यापी निःशुल्क खोप तथा सचेतना अभियान सञ्चालन गरेको हो ।

सोही अभियानअन्तर्गत भेटेरिनरी अस्पतालमा पशु चिकित्सकमार्फत घरपालुवा कुकुर तथा बिरालोलाई निःशुल्क रेबिज विरुद्धको खोप लगाइ रहेको कार्यालय प्रमुख हुमाकान्त पाण्डेले जानकारी दिनुभयो ।

अभियानकै क्रममा रेबिज रोगको जोखिम, लक्षण तथा अपनाउनुपर्ने सावधानीबारे विद्यार्थी लाई जानकारी गराउन विद्यालय स्तरसम्म पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

यसै क्रममा सदरमुकाम तम्घासस्थित सिद्धबाबा माध्यमिक विद्यालयमा बिहीबार सचेतनामूलक अभिमुखीकरण कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा कार्यालय प्रमुख पाण्डेले रेबिजबाट जोगिन अपनाउनुपर्ने सावधानी, सम्भावित जोखिम तथा बच्ने उपायबारे विद्यार्थीलाई जानकारी गराउनुभयो । विद्यालयका प्रधानाध्यापक डोरविक्रम श्रीस र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निरञ्जन काउछाले रेबिजबाट जोगिन विद्यालय तहदेखि नै सचेतना फैलाउन आवश्यक रहेको बताउनुभयो ।

रेबिजको मुख्य कारका रुपमा रहेको सामुदायिक कुकुरको सङ्ख्या नियन्त्रण गर्न कार्यालयले बन्ध्याकरण कार्यक्रमलाई समेत मुख्य प्राथमिकताका साथ अघि बढाएको जनाएको छ ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० देखि हालसम्म जिल्लाका १२ वटै स्थानीय तहको सहभागितामा एक हजार दुई सय ४७ वटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ ।

तीमध्ये ५५७ वटा डाँगो र ६९० वटा डाँगी रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र गुल्मीकी डाक्टर सोनिया थापाले जानकारी दिनुभयो । कार्यालयले गुल्मीलाई रेबिज मुक्त जिल्ला बनाउने लक्ष्यका साथ अभियान सञ्चालन गरेको जनाएको छ ।

कार्यालयले घरपालुवा कुकुर तथा बिरालोलाई अनिवार्य रूपमा रेबिजविरुद्धको खोप लगाउन तथा सामुदायिक कुकुर नियन्त्रण गरी बध्याकरण गर्न र अनिवार्य रुपमा रेबिजविरुद्धको खोप लगाउने अभियानमा सहयोग गर्न सबैमा अनुरोध गरेको छ ।

# बबई लिफ्टिङ आयोजना छिटो सम्पन्न गर्न तुलसीपुरवासीको हारगुहार

दाङ । तुलसीपुरवासीलाई गुणस्तरीय शुद्ध खानेपानी पुऱ्याउने उद्देश्यले साढे तीन वर्षअघि सुरु गरिएको बबई लिफ्टिङ योजना अझै अधुरो अवस्थामा छ ।

आयोजना समयमा सम्पन्न नहुँदा उपभोक्ता आधारभूत खानेपानी पाउने हकबाट समेत वञ्चित हुन परेको छ । तुलसीपुर उपमहानगरपालिका-६ का सुशीला भट्टराई गुणस्तरीय खानेपानी पाउन त परैजाओस् एक वर्षदेखि धारामा पानी नआउँदा समस्या भोग्नुपरेको गुनासो गर्नुहुन्छ ।

उपभोक्ता तथा सरसफाइ संस्थाले सुरु गरेको बबई लिफिटङ खानेपानी आयोजना लामो समयसम्म अल्झि रहेपछि स्थानीयवासी पटक-पटक खानेपानी संस्थामा पुगी छिटो सम्पन्न गर्न हारगुहार गरिरहनुभएको छ । संस्थानबाट बबईको लिफिटङ परियोजना सम्पन्न भएपछि मात्र तुलसीपुरमा खानेपानी का विभिन्न समस्याको समाधान हुने जवाफ पाउने गरेको उहाँले गुनासो गर्नुभयो । उहाँ भन्नुहुन्छ, "गर्मीयाममा संस्थाले ट्याङकरबाट निःशुल्क पानी वितरण गरेपनि साउनदेखि भने छिमेकी गाउँबाट पानी ल्याएर पिउने गरिएको छ ।

आयोजना समयमा पूरा नहुँदा घरमा सरसफाइ, शौचालय तथा अन्य कामका लागि प्रयोग गरिने पानी महगो शुल्क तिरेर ट्याङ्करबाट ल्याउन बाध्य परेको उहाँको भनाइ छ । यो समस्या सुशिलाको मात्र नभई टोलका २५ घर परिवारले लामो समयदेखि भोग्न परेको छ ।

खानेपानी संस्थाको सह लगानीमा अघि बढिरहेको लिफ्टिङ योजनामा विद्युत जडानलगायतका केही महत्त्वपूर्ण काम अझै बाँकी रहेको जनाइएको छ ।

संस्थाका अध्यक्ष यमकान्त भण्डारीका अनुसार आयोजनाको काम फटाफट भएमा आगामी मङ्सिर पहिलो हप्तासम्ममा हुनेछ । अध्यक्ष भण्डारीका अनुसार विस २०७९ बाट सुरु भएको उक्त आयोजना तीन वर्षभित्र सम्पन्न नभएपछि पुनः एक वर्ष म्याद थप गरिएको थियो । नेपाल सरकारको ७० प्रतिशत र खानेपानीका उपभोक्ताको ३० प्रतिशत समेत गरी रु ५६ करोड ८० लाख २४ हजारको लागतमा अघि बढिरहेको छ । हाल आयोजनाको पाइप जडान र एक दर्जन बढी ट्याङ्की निर्माणको काम भने सम्पन्न भएको छ । उक्त आयोजना सम्पन्न भएपछि एक सय लिटरप्रति सेकेन्ड पानीको आपूर्ति हुने अध्यक्ष भण्डारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार तुलसीपुर स्थित नयाँ बसपार्क, रानी जरुवा नगर पालिकाको-६ को रजौरासहितका बस्तीमा खानेपानी आपूर्ति भई स्थानीयवासीले लामो समयदेखि भोग्दै आएको समस्या समाधान हुनेछ ।

यसैबीच, संस्थाले मुलकोट, राम्री, चिसापानी, घेरेनी, बाखे, छरछरे र पहरेमा भइरहेको अनधिकृत प्राकृतिक स्रोतको उत्खननलाई रोक्न तथा मुहानको संरक्षण गर्न पहल गरिरहेको उपाध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिनुभयो ।

# क्षतिपूर्तिसहितको सहयोगका लागि महासभामा आवाज उठाउन आग्रह

काठमाडौँ । नागरिक समाजका प्रतिनिधिहरूले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा भोटेकोशी बाढीबाट प्रभावित समुदायको पुनःस्थापना, पुनर्निमाण तथा भविष्यमा हुने विपद्को जोखिम न्यूनीकरणका लागि क्षतिपूर्तिसहित अन्तरराष्ट्रिय सहयोगको आवाज उठाउन आग्रह गरेका छन् ।

बिहीबार (हिजो) नागरिक समाजका प्रतिनिधि तथा मानव अधिकारकर्मीले एक कार्यक्रमका विच विज्ञप्ति जारी गरी हानी तथा नोक्सानी कोषमा पहुँच पुर्याएर न्यायोचित रूपमा सम्बोधन गर्ने अवस्था सिर्जना गर्नका लागि विश्वसमक्ष आवाज उठाउनुपर्नेमा जोड दिएका हुन् । महासभालाई नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री वालेन्द्र शाहले (आज) शुक्रबार बिहान सम्बोधन गर्ने कार्यक्रम छ ।

बाढीबाट रसुवा, नुवाकोट र धादिङमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै उहाँहरूले खोजी, उद्धार, राहत, अस्थायी आवास, पुनःस्थापना र पुनः निर्माणका कार्यमा सरकारी संयन्त्रबीच प्रभावकारी समन्वय हुनुपर्नेमा जोड दिनुभएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था-पन प्राधिकरणको भूमिका लाई थप प्रभावकारी बनाउन, प्रभावित समुदायलाई राहत तथा पुनः स्थापनामा भएको ढिलाइ अन्त्य गर्न र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिन आग्रह गरिएको छ ।

बिहीबार जारी गरिएको उक्त विज्ञप्तिमा अभिषेक अधिकारी, आयुष बराल, इन्दु तुलाधर, कृष्ण गौतम, दिनेश त्रिपाठी, नितु पोख्रेल, भगवती अधिकारी, मोनिका निरौला, रमेश अधिकारी, रियाव बानियाँ, सावित्री थापा, शिव खकुरेल, श्यामकुमारी साह, सुशील बिके, सुशील प्याकुरेल, सोम निरौला र शोभाकर बुढाथोकीले हस्ताक्षर गर्नुभएको छ ।

## कुलेखानी जलाशयको स्थलगत अनुमगन

बागमती । जल तथा मौसम विभागले भारी वर्षाको प्रक्षेपण गरेपछि मकवानपुर प्रशासनले जिल्लामा आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी नेतृत्वमा सुरक्षा निकायका पदाधिकारी, सञ्चारकर्मी सहितको टोलीले कुलेखानी प्रथम जलविद्युत् केन्द्रको जलाशयको स्थलगत अवलोकनसहित सरोकारवासँग छलफल गरी सतर्कता अपनाउन अनुरोध गरेको हो ।

प्रमुख जिल्ला धिकारीले कुलेखानी जलविद्युत् केन्द्रका प्रमुख प्रल्हाद राउत, इन्द्रसरोवर गाउँ पालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, सम्बन्धित प्राविधिक एवम् अधिकारीसँग स्थलगत रुपमा नै जानकारी लिनुभएको थियो ।

निरीक्षण एवम् छलफलका क्रममा उहाँले कुलेखानी जलाशय क्षेत्रका साथै यसले प्रत्यक्ष प्रभाव पार्ने स्थानमा सतर्क भएर बस्नुपर्ने मा जोड दिनुभयो । भारी वर्षाका कारण जलाशयको बाँधको ढोका खोल्नुपर्ने अवस्थामा जलप्रपवाह हुने तल्लो तटीय क्षेत्रमा क्षति नपुग्ने गरी आवश्यक व्यवस्था मिलाउन उहाँले निर्देशन दिनुभयो ।

यसअघि २०८१ सालमा जलाशय भरिएर एक्कासि बाँधको ढोका खोलिँदा भएको क्षतिबाट पाठ सिक्दै सम्भाव्य जोखिमलाई दृष्टिगत गरी समयमा नै मानवीय एवम् भौतिक क्षति नहुनेगरी उचित व्यवस्थापन गर्नुपर्नेमा उहाँले आग्रह गर्नुभयो ।

कुलेखानी जलविद्युत् केन्द्रका प्रमुख राउतले हाल जलाशय पूर्ण रुपमा नभरिएको बताउनुभयो ।

अस्ती गयको बुधबारसम्म जलाशयको जलसतह एक हजार ५२२ दशमलव ३८ मिटर रहेको समेत सो क्रममा उहाँले जानकारी दिनुभयो । जलसतहको अवस्थाका आधारमा सर्वसाधारणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो गरी चारवटा चेतावनीका स्तर निर्धारण गरिएको उहाँको भनाइ छ ।

जलाशयको पानीको अवस्थाअनुसार एक हजार ५२७ मिटरमा जलाशय भरिन लागेको पहिलो चेतावनी, एक हजार ५२८ मिटरमा पानी पूर्ण भएको दोस्रो चेतावनीको अवस्था हन्छ । यस्तै, बाँधका मुख्य ढोका खोलिएको तेस्रो तथा तथा आपत्कालीन चेतावनी गरी चारवटा चेतावनीका सङ्केत र त्यही अनुसार साइरन बज्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो। बाँध खोल्नुपर्ने अवस्थामा सूचनाका लागि कुलेखानी जलाशयको बाँध रहेको क्षेत्र, तल्लो तटीय भागमा साइरन जडान गरिएको जानकारी दिँदै उहाँले आवश्यकताअनुसार ठाउँठाउँमा सूचना बोर्डहरू राख्ने तयारी गरिएको बताउनुभयो ।

इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष पुडासैनीले जोखिमको न्यूनीकरणका लागि पालिकाका तर्फबाट गर्नुपर्ने साथ र सहयोगका लागि आफूहरू तयार रहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले जलाशय आसपासका तथा यसको प्रभाव पर्न सक्ने तटीय क्षेत्रका नागरिकलाई सूचित गर्न स्थानीय रेडियो तथा सञ्चार माध्यमको प्रभावकारी उपयोग गर्न सुझाव दिनुभयो ।

## तनहुँमा ११ हजार एक सय ३४ उद्योग

दमौली । तनहुँमा हालसम्म ११ हजार १३४ उद्योग दर्ता भएका छन् । एकीकृत सेवा कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ सम्म जिल्लामा रहेका उद्योगमध्ये गत आर्थिक वर्षमा मात्रै ३४३ नयाँ उद्योग थपिएका छन् ।

एकीकृत सेवा कार्यालयका सहायक प्रशासकीय अधिकृत सूर्यबहादुर थापाका अनुसार जिल्लामा रहेका उद्योगमध्ये सबैभन्दा बढी घरेलु उद्योग छन् । उहाँका अनुसार हाल तनहुँमा सात हजार ३२९ घरेलु, तीन हजार ६५० साना, १४९ लघु र एउटा मझौला उद्योग सञ्चालनमा छन् । हाल नयाँ उद्योग थपिने क्रमसँगै सञ्चालनमा रहेका उद्योग तथा व्यवसाय खारेज हुने क्रम पनि देखिएको छ । थापाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा मात्रै उद्योगतर्फ २५० र वाणिज्यतर्फ २३४ गरी ४८४ फर्म तथा उद्योग खारेजीमा परेका छन् ।

कार्यालयको तथ्याङ्कअनुसार नयाँ उद्योग दर्ता र पुराना उद्योग खारेजी दुवै प्रक्रिया जिल्लाको औद्योगिक तथा व्यावसायिक गतिविधिको नियमित हिस्सा बनेका छन् । एकातर्फ नयाँ उद्यमी थपिँदै जाँदा अर्कोतर्फ विभिन्न कारणले उद्योग तथा व्यवसाय बन्द गर्ने क्रम देखिएको हो । सहायक प्रशासकीय अधिकृत थापाका अनुसार उद्योग दर्ता, नवीकरण, नामसारी तथा खारेजीलगायतका सेवा कार्यालयबाट प्रदान हुँदै आएका छन् । पछिल्लो तथ्याङ्कले तनहुँमा साना तथा घरेलु उद्यममा आधारित आर्थिक गतिविधिको हिस्सा ठूलो रहेको देखाएको छ ।

गत आर्थिक वर्षमा थपिएका ३४३ वटा उद्योग साना उद्योग हुनुले जिल्लामा ठूलो लगानीका उद्योगभन्दा सानो पुँजीमा सञ्चालन गर्न सकिने उद्यमतर्फ आकर्षण बढी रहेको समेत देखिएको छ ।

## स्वास्थ्य सेवा मूल्यांकनमा माडी पहिलो

नारायणगढ । चितवनका सात स्थानीय तहका स्वास्थ्य शाखामध्ये माडी नगरपालिकाको स्वास्थ्य शाखा स्वास्थ्य सेवा मूल्याङ्कनमा पहिलो भएको छ ।

जनस्वास्थ्य कार्यालयले भरतपुरमा आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत गरिएको स्वास्थ्य सेवाका सूचक तथा प्रस्तुतीकरण मूल्याङ्कनमा माडी पहिलो भएको हो ।

माडीले ८६ दशमलव १० अङ्क प्राप्त गरी पहिलो, भरतपुर महानगरपालिकाले ८५ दशमलव ४३ अङ्कसहित दोस्रो र खैरहनी नगर पालिकाले ८२ अङ्कसहित तेस्रो स्थान हासिल गरेको जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्षमा स्थानीय तहले सम्पादन गरेका स्वास्थ्य सेवासम्बन्धी सूचक तथा समीक्षा गोष्ठीमा प्रस्तुत गरिएको विवरणका आधारमा मूल्याङ्कन गरिएको हो । प्रमुख घिमिरेले भन्नुभयो, “कार्यसम्पादनका आधारमा जिल्लाका सातवटै स्थानीय तहका स्वास्थ्य शाखा उत्कृष्ट छन् । केही सूचकमा भएको अङ्कको फरकका आधारमा मात्र स्थान निर्धारण भएको हो ।” समीक्षा गोष्ठीका अवसरमा प्रथम, द्वितीय र तृतीय हुने स्वास्थ्य शाखालाई बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारी, बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा नरेन्द्रकुमार झा, तालिम केन्द्रका प्रमुख दीपक तिवारी, मन्त्रालयका जनस्वास्थ्य प्रशासक दुर्गादत्त चापागाईंलगायतको सहभागिता थियो ।

## सुरक्षित स्थानमा प्रभावितको व्यवस्थापन गर्न आग्रह

त्रिशूली । भोटेकोशी बाढीबाट भएको क्षतिको अवस्थाबारे जानकारी लिन बुधवार नुवाकोट आउनुभएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रभावितको पुनरुत्थान सुरक्षित स्थानमा गर्नुपर्ने बताउनुभएको छ । धादिङको गल्छीदेखि नुवाकोटको त्रिशूली बजारसम्म बाढीबाट भएको क्षतिको स्थलगत अवलोकनपछि उहाँले जोखिमयुक्त स्थानमा पुनः बस्ती बसाल्नेभन्दा पनि सुरक्षित भूगोल पहिचान गरी प्रभावितलाई व्यवस्थित रुपमा पुनःस्थापना गर्न सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजकसमेत रहनुभएका नेपालले जलवायु तथा मौसम परिवर्तनका कारण विपद्का घटना बढ्दै गइरहेकाले आगामी दिनमा अझ ठूलो विपद् आउन सक्ने भन्दै पूर्वतयारीमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “बाढीले क्षति पुऱ्याएका क्षेत्रलाई जोखिमयुक्त भूगोलका रुपमा पहिचान गरी सार्वजनिक प्रयोजनमा कायम राख्नुपर्छ र प्रभावितलाई सुरक्षित स्थानमा व्यवस्थित नयाँ बस्ती निर्माण गरी पुनःस्थापना गर्नुपर्छ ।”

बाढीबाट क्षतिग्रस्त क्षेत्रको अवलोकनपछि पूर्वप्रधानमन्त्री नेपाल विदुर नगरपालिकाको कार्यालयमा आयोजित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवालाबीचको अन्तरक्रियामा सहभागी हुनुभयो ।

## प्रतिनिधिसभा : जलवायुजन्य विपद्को जोखिम घटाउने योजना ल्याउन सुझाव

काठमाडौं । सांसदहरूले जलवायुजन्य विपद्को जोखिम घटाउन योजनाबद्ध कार्ययोजना ल्याउन सरकारलाई सुझाव दिनुभएको छ । प्रतिनिधि सभाको बिहीबारको बैठकको विशेष समयमा सांसदहरूले जोखिममा रहेका बस्ती पहिचान र स्थानन्तरण, पूर्वतयारीमा जुट्न आग्रह गर्नुभयो । नेपाली कांग्रेसका मदनकृष्ण श्रेष्ठले यही साता मुलुकका विभिन्न क्षेत्रमा ठूलो वर्षा हुनेसक्ने मौसमविद्को पूर्वानुमानलाई ध्यान दिँदै जोखिममा रहेका बस्ती र परिवारको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सरकारलाई सुझाव दिनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका रमेशकुमार मल्लले विपद्अघि नै जोखिम पहिचान र पूर्वतयारी गर्नुपर्नेमा जोड दिँदै जोखिमयुक्त बस्तीको व्यवस्थापन, जलवायु-अनुकूल कृषि, खाद्य तथा पानीको सुरक्षा, स्वास्थ्य पूर्वतयारी र कमजोर समुदायको सामाजिक सुरक्षाका लागि अहिलेदेखि नै योजनाबद्ध कार्ययोजना आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका (रास्वपा)का जगदीश खरेल (ललितपुर)ले अबको तीन दिन लगातार वर्षा हुने नेपाल मौसम विज्ञान विभागको सूचनालाई ध्यान दिँदै विपद्को पूर्वतयारीमा जुट्न तीनै तहको सरकारलाई अपिल गर्नुभयो ।

सोही पार्टीका अनुष्का श्रेष्ठले संस्कृति नीति, २०८१ को मस्यौदालाई अन्तिमरूप दिँदा बलियो नीति दस्तावेजसँगै त्यसको कार्यान्वयन गर्ने संरचना, जिम्मेवारी र मापन योग्य कार्ययोजना ल्याउन सुझाव दिनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का गुरुप्रसाद बरालले न्यायपालिका स्वतन्त्र, सक्षम र निर्भिक भए मात्रै लोकतन्त्र बलियो हुने भन्दै न्यायिक प्रणालीमाथि हमला गर्ने प्रयास कसैबाट पनि हुन नहुनेमा जोड दिनुभयो ।

श्रम संस्कृति पार्टीका राधिका रस्तेलले जातीय विभेदका घटना रोक्न सरकारले कडा कदम चाल्नुपर्ने औँल्याउँदै वार्तामार्फत लामो समयदेखि अनसनरत दीपा नेपालीको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका खुश्बु ओलीले रुसमा विभिन्न पेसा तथा व्यवसाय र अध्ययन गरिरहेका नेपालीले भोग्नुपरेको समस्यालाई सम्बोधन गर्न माग गर्नुभयो ।

रास्वपाका सूर्यबहादुर तामाङले उदयपुरको समृद्धिका लागि कृषि, उद्योग, पर्यटन, वन, जलस्रोत र खानी क्षेत्रको विकासमा राज्यको ठोस नीति, योजना र बजेट आवश्यक रहेको धारणा राख्नुभयो ।

कांग्रेसका नीनुकमारी कर्णले दाहिजो प्रथाका कारण तराई/मधेसका छोरीहरूले अझै पनि शारीरिक तथा मानसिक यातना भोग्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै कानुनले प्रतिबन्धित गरेको दाहिजो प्रथा तत्काल अन्त्य गर्न सरकारको ध्यानाकर्षण समेत गराउनुभयो ।

एमालेका लक्ष्मीप्रसाद पोखरेलले देशभर खाना पकाउने एलपी ग्यासको अभावको समस्याको दीर्घकालीन समाधान खोज्न आग्रह गर्दै दैलेखको पेट्रोलियम खानी तत्काल उत्खनन र निर्यात गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सुझाव दिनुभयो । श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बूले संसद्को आकस्मिक, शून्य र विशेष समयमा सांसदले उठाएका प्रश्नको जवाफ दिन सरकारको ध्यानाकर्षण गराउनुभयो । रास्वपाका प्रशान्त उप्रेतीले कानुन निर्माणसँगै त्यसको कार्यान्वयनको पाटोमा पनि संसद्ले चासो राख्नुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका गङ्गालक्ष्मी अवालले जलवायु परिवर्तन, हिमाली क्षेत्रका समस्या र जलवायु न्यायका विषय संयुक्त राष्ट्र सङ्घको महासभामा उठाउन प्रधानमन्त्री बालेन्द्र शाहलाई सुझाव दिनुभयो ।

सोही पार्टीका रहबर अन्सारीले राजनीतिक सोच र संस्कार परिवर्तन गर्नुपर्नेमा जोड दिँदै राजनीतिक नेतृत्वलाई प्रश्न गर्न आमनागरिक हिच्किचाउन नहुने बताउनुभयो ।

रास्वपाका प्रमिला कुलुङले युवा पुस्ताले अवसर, परिणाम र सुशासन खोजिरहेको भन्दै शिक्षालाई रोजगारी र उत्पादनसँग जोड्ने तथा स्वदेशी उत्पादन, नवप्रवर्तन, कृषि, पर्यटन र साना तथा मझौला उद्यममा युवाको पहुँच बढाउने गरी नीतिगत सुधार गर्न सुझाव दिनुभयो। सोही पार्टीका प्रभा ढकालले ‘नेपाली महिलालाई एजेन्टमार्फत भारतीय निःसन्तान दम्पतीको पहुँचमा पुर्‍याउने’ भन्ने भारतीय मिडियाको दाबी रहेको उल्लेख गर्नुभयो ।

उहाँले सो अवसरमा तत्काल सोसम्बन्धी सूचनाका आधारमा तत्काल अनुसन्धान गर्न माग गर्नुभयो । रास्वपाका जनकसिंह धामीले कञ्चनपुरका उखु किसानलाई रसायनिक मल र आधुनिक कृषि प्रणाली उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## प्रतिनिधिसभा बैठक : धार्मिक विधि अनुसार अन्त्येष्टि संस्कार गराउने व्यवस्था मिलाउन माग

काठमाडौं । प्रतिनिधिसभाका सांसदहरूले रसुवाको भोटेकोशी बाढी परी निधन भएकाको आ आफ्नो धार्मिक विधि अनुसार अन्त्येष्टि संस्कार गराउने व्यवस्था गराउन माग गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद सरस्वती लामाले रसुवाको भोटेकोशी बाढीमा परी निधन भएकाको आ आफ्नो धार्मिक विधि अनुसार अन्त्येष्टि संस्कार गराउने व्यवस्था गराउन माग गर्नुभयो ।

सांसद सागर भुसालले जेनजी आन्दोलनमा प्रभावितलाई रु पाँच हजार एउटा व्यक्तिको गाँस, बास र कपासको आवश्यकता पूरा नहुने भएकाले पुनर्विचार गर्न माग गर्नुभयो । सांसद साजिदा खातुन सिद्धिकीले रसुवा बाढीमा वेपत्ताको खोजी के हुँदैछ भनी सोध्नुभएको छ । आत्मदाह किन बढेको छ भनी खोजी गर्न पनि उहाँले ध्यानाकर्षण गराउनुभयो ।

सांसद सीताराम साहले धान बालीलाई पानी नभएर समस्या भएकाले तराइ क्षेत्रको सुक्खाको समस्या समाधान गर्न माग गर्नुभयो। सांसद सृजना श्रेष्ठले निजी क्षेत्रले रोजगारी वृद्धिमा काम गर्ने भएकाले यसको प्रवर्द्धन गरिनुपर्ने बताउनुभयो। सांसद सुजाता तामाङले कृषि जमिनको क्षति हुनबाट रोक्ने व्यवस्था गराउन माग गर्नुभयो। गरीबको मुख्य स्रोत नै कृषि भएकाले यसको संरक्षण गरिनुपर्नेमा उहाँको जोड थियो । सांसद सुनिल केसीले कर्मचारीसँग सहकार्य गरी गल्ती भए कानुनी कारवाहीको प्रक्रियामा अघि बढाउनुपर्ने बताउनुभयो ।

सांसद सुरेशकुमार चौधरीले तराइ क्षेत्रका जग्गा समस्या समाधान गरिनुपर्नेमा जोड दिनुभयो । सांसद सुशील खड्काले बागलुङ जिल्लामा शिक्षण अस्पतालको व्यवस्था गराउन माग गरेकामा प्रगति भएन भन्नुभयो। सांसद सुशीला ढकाल आचार्यले मद्यपान गर्नेहरुका कारण समस्या हुने गरेकाले समाधान गराउन माग गर्नुभयो ।

सांसद सुषमा स्वर्णकारले जेनजी आन्दोलन भएको एक वर्ष भएपनि आन्दोलनमा सहभागी जेनजी याद्धा जेलमा रहेकाले तिनलाई न्याय दिन माग गर्नुभयो । सांसद सोम शर्माले संयुक्त राष्ट्र सङ्घको महासभामा जलवायु परिवर्तनको मुद्दामा प्रधानमन्त्रीको सम्बोधनको प्रतीक्षा भइरहेको बताउनुभयो ।

सांसद स्मृति सेञ्चुरीले दशैंमा घर फर्कने उत्साहबीच गत वर्ष भदौको जेनजी आन्दोलनमा जेल परेकालाई न्याय माग गर्नुभयो। सांसद हरिमोहन भण्डारीले संसद्को क्यान्टिनको दरले माननीयको तलबले नभ्याउने अवस्था भएकाले तत्काल समस्या समाधान गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद हरिप्रसाद भुसालले अर्घाखाँचीका प्रहरी चौकी भवन जीर्ण भएर समस्या आएकाले समाधान गर्न, मोटरसाइकल पनि पुराना भएर नचल्ने गरेकाले चलाउने व्यवस्था गराउन माग गर्नुभयो ।

निर्णायक तहमा पनि महिला निर्वाचित हुने गरी व्यवस्था गरिनुपर्ने उहाँको भनाइ थियो । सांसद सुम्निमा उदासले विपद्पछि पर्यटन क्षेत्रमा अन्यत्र स्थगित गरेपनि मनास्लु क्षेत्रमा पर्यटक भएकाले मौसमका कारण हुने समस्याका बेला तिनको उद्धार गर्ने व्यवस्था मिलाउन माग गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com